





# बाइबलका गहिरा सत्यताहरु
# पाठ–३
# क्रुशको रहस्य भाग-२

***पुनश्च : कृपया यहाँ समावेश गरिएका सबै पदहरुको निम्ती आफ्नो बाइबललाई आधार बनाइ अध्ययन गर्नुहोला।***

***यस पाठमा उल्लेखित प्राय बाइबलका पदहरु Authorized King James Version बाट उद्द्दत गरिएका छन।***



हामीले अघिल्लो पाठमा क्रुसको रहस्य सम्बन्धी प्रभुले युहुन्ना १२:३२ मा बोल्नुभएको वचनको अर्थ हेरेर कसरी उहाले सबै मानिस जातीलाई आफुतिर खिच्नुहुन्छ जेले उहाँले दिनुभएको छुटकारा,बराबर र समान मोललाई सकेंत गर्दछ जेको लागी नै उहाँ यस ससांरमा आउनुभयो जसै हामी मर्कुश १०:४५ मा पढ्न पाउछौ।

*"किनभने मानिसको पुत्र पनि सेवा गरिनलाई होइन,तर सेवा गर्न र धेरैको सट्टामा छुटकाराको दामका निम्ती आफ्नो प्राण दिन आए।"*

हो, यो छुटकारा र समान मोल एउटै मानिस आदमको लेखी थियो जोद्वारा नै संसारको सबै मानबजातीमा पापको दण्ड सर्यो।यसलाई हामी १ कोरिन्थी १५:२१,२२ मा प्रष्टै पाउछौ।

*" किनकी मनिसद्वारा मृत्यु आएको हुनाले मनिसद्वारा नै मरेकाहरुको बौरी उठाइ पनि आयो।२२ आदममा जम्मै मानिसहरू मरे त्यसरीनै ख्रीष्टमा सबै फेरि जीविततुल्याइनेछन।"*

अनि यो धेरै भन्ने शब्दले पुरै संसारको सम्पूर्ण मानबजातीलाई सकेंत गर्दछ भन्ने कुरा पनि हेर्यौ जसै हामी १ तिमोथि २:५,६ मा पनि पढ्न पाउछौ।

*"किनभने परमेश्वर एकैजना मात्र हुनुहुन्छ, अनि परमेश्वर र मानिसहरूको बिचमा एकैजना मध्यस्थ हुनुहुन्छ अर्थात येशूख्रीष्ट-ति मानीस, ६ जसले आँफैलाई सबैका लागि छुटकाराको दामको रुपमा दिइहाल्नुभयो, जसको गवाही ठीक समयमा दिइयो।"*

हो,गत पाठमा हामीले येशूले दिनुभएको छुटकाराको मोलको बिषयलाई गहिरो विवरण सहित हेर्यौ भने आज हामी त्यस छुटकाराको मोलको प्रतिफल वा छुटकाराको कामको बिषयमा हेर्नेछौ।हो, एउटै मानिस पहिलो आदमद्वारा सबै मानबजातीमा मृत्युको दण्डभित्र पर्न आए भने दोश्रो आदम, जो दोश्रो सिद्द मानिस हुनुहुन्थ्यो उहाँद्वारा सम्पूर्ण मानबजातीलाई अहिले त्यो मृत्युको दण्डबाट छुटकारा मिल्छ र फेरी जिउने अधिकार प्राप्त गर्दछन जसै हामी पढ्छौ कि,"त्यसै गरी ख्रीष्टमा सबै जिबित पारिनेछन।" यसलाई “एक देखि एक सिद्धान्त" भनिन्छ।आऔ,हेरौ यो सिद्दान्तले कसरी काम गर्दछ त जसै हामी हिब्रु ७:९,१० मा पढ्न पाँउछौ।

*"अनि यसो भन्न सकिन्छ:दशौ अंशहरु लिने लेबिले पनि अब्राहममा भई दशौ अंश लिए।१० किनकी मेल्किसेदेकले तिन्को पितालाई भेट्दाखेरी तिनी अझै पिताको शरीरमा थिए।"*

यसको अर्थ के हो त?

लेबी याकुबका १२ छोराहरु मध्यका एक हुन,याकुब जो इसाहाकका छोरा थिए,र इसहाक जो अब्राहामको छोरा थिए।हो, लेबी अब्राहामका नाती थिए।लेबीको केहि बिशिष्ट गुण थियो।उनि लेबी कुलका पिता थिए जोहरु पबित्रस्थानमा प्रभुको सेवा गर्न चुनिएकाहरु थिए र तिनिहरुको भौगोलिक जमिन मा कुनै हिस्सा थिएन।तसर्थ,यि कुलले बाँकी ११ कुल सबैबाट १/१० औ भाग वा दशांश प्राप्त गर्दथे तर यिनिहरु आफैले भने कहिल्यै दशांश दिदैनथे।



तर ,प्रेरित पावलले हिब्रु ७:९ मा भन्दछन कि,अब्राहामले जब राजा मल्किसेदेकलाई दशांश दिए भन्दाखेरी लेबीले पनि जो जन्मिएका नै थिएनन,तर अब्राहामको वशांवलीको नै थिए,यसरी लेबीले पनि दशा ंश तिरीसकेका थिए भन्न सकिन्छ।यो नै "एकदेखि एक सिद्धान्त"हो। त्यसरी नै,सबै मानबजाती जो आदममा पापी गनिन्छन र उनिहरु मृत्युको दण्डभित्र छन,जब कि अझै नजन्मिएकाहरु पनि आदमले अदनको बगैँ ंचामा गरेको पापको कारण त्यही मृत्युको दण्डबाट उम्कन सक्दैनन तर आदमको लेखी दिइएको छुटकाराको मोलको कारण आदमसँगै सबै मानबजाती त्यो मृत्युको दण्डबाट उम्कन पाउँदछन,जुन दण्ड पहिला आदमलाई र क्रमश सम्पूर्ण मानबजातिमा सर्दै आयो।यो नै सबै मानबजातीको निम्ती पर्मेश्वरको महान दिब्य योजना हो जसै हामी रोमी ८:२०,२१ मा पढ्न पाउछौ।

*"किनकी सृष्टि ब्यर्थताको अधिनतामा राखिएको छ;आफ्नै इच्छाले होइन,तर उहाँको इच्छाले,जसले त्यसलाई अधिनतामा राख्नुभएको छ, त्यस आशामा;२१ किनभने सृष्टि आँफैले पनि बिनाशको बन्धन बाट छुटकारा पाएर पर्मेश्वोरका सन्तानहरुको महिमापूर्ण स्वतन्त्तता भित्र प्रवेश गर्नेछ।"*

यो पदको अर्थ के हो त?यसमा प्रयोग भएको भाषा बिछिट्टको लाग्न सक्छ।यस पदलाई हामी फेरी पढौ र बुझ्ने प्रयास गरौ। रोमी ८:२०

*"किनकी सृष्टि ब्यर्थताको अधिनतामा राखिएको छ;आफ्नै इच्छाले होइन,तर उहाको इच्छाले,जसले त्यसलाई अधिनतामा राख्नुभएको छ, त्यस आशामा।"*

हो, यहाँ सृष्टि शब्दले पुरै मानबजातीलाई दर्शाउदछ।तिनिहरुलाई ब्यर्थताको अधिनमा पारियो अर्थात अर्को शब्दमा त्यसले पाप र मृत्युको अवस्था जुन जन्मजात सर्दै गयो,त्यो प्राप्त गर्‍यो।

->यो इच्छाले होईन जसको अर्थ प्रत्येक मानिसलाई यस सम्बन्धमा नत कुनै छनौट दिएको छ नत अरु कुनै बिकल्प।

->तर, यो उहा ँकै इच्छाले भयो।यहाँ 'उहाँ' शब्दले पर्मेश्वरलाई र उहाँको योजनालाई दर्शाउदछ।यसले,त्यो अबधि जतिबेला आदममा सबै मर्दछन्,त्यस कालखण्डलाई बर्णन गर्दछ।कसैले सोध्न सक्नुहोला–के पर्मेश्वरको यो दिब्य योजना न्यायपूर्ण र ठिक छ त?वास्तवमा,यो

हाम्रै परिवारमा पनि हुने गर्दछ जबकी बालक जन्मनुभन्दा अगावै नै बुवाआमाले त्यसको पढाइ लेखाइ,तालिम र क्यारियरको बिषयमा उसको छनौट/रुचाई/इच्छाबारे नसोधीकनै नै योजना बनाएका हुन्छन।यो सबै बुवाआमाले उसैको भलाईको निम्ती नै राम्रो विचार भाव लिएर नै गर्दछन।

->त्यसरि नै, सम्पूर्ण सृष्टिका पिता पर्मेश्वरमा पनि लागुहुन्छ,जसै हामी एफिसी ३:१४,१५ मा पढ्न पाउछौ।

*"यही कारणले म हाम्रा प्रभु येशू ख्रीष्टका पिताको सामु आफ्ना घुँडा टेक्छु,१५ जसबाट स्वोर्गमा र पृथ्वीमाथि सारा घरानाको नाम राखिन्छ ।"*

हो,पर्मेश्वरले मानब सन्तानको लागी सुन्दर योजना राख्नुभएको छ।त्यो सुन्दर योजनालाई हामी रोमी ८:२१ मा हेरौ।

*"किनभने सृष्टि आँफैले पनि बिनाशको बन्धन बाट छुटकारा पाएर पर्मेश्वोरका सन्तानहरुको महिमापूर्ण स्वोन्त्नता भित्र प्रवेश गर्नेछ।"*

हो,यो मुक्त गर्ने कृयाचाँ ही येशू ख्रीष्टले क्रुशमा दिनुभएको छुटकाराको बलिद्वारा हुन्छ।अनि, पर्मेश्वरको सन्तानको 'महिमित स्वतन्त्रा ' भन्नुको अर्थ के हो त?यो मुक्ति हो,जुन पर्मेश्वरले सम्पूर्ण मानबजातीलाई पाप र मृत्युको पासोबाट उम्कन दिनुहुन्छ।यो कसरी हुन्छ त?यसको उत्तर हामी १ तिमोथि २:३,४ मा पढ्न पाउछौ।

*" किनभने यो कुरा परमेश्वर हाम्रा मुक्तिदाताको दृष्टिमा असल र ग्रहण योग्य छ;४ उहाँ सबै मानिसहरुले मुक्ती पाउन् र ज्ञानमा आउन् भन्ने इच्छा गर्नुहुन्छ।*

हो,यो संसारप्रति पर्मेश्वरको इच्छा हो।यसको अर्थ केहो त?सामान्यतया,मुक्ति पाउने भन्ने वाक्याशंको अर्थ स्वर्गमा लगिनु भनि बुझिन्छ।यदि यो अर्थलाई हामीले यस पदमा लागु गर्‍यो भने,कसरी पर्मेश्वरले सबै मानिसहरुलाई अहिलै कै तत्कालिन नैतिक अवस्थामा स्वर्गमा लानुहोला भन्ने अर्थ AwÜcX~ लाग्दो हुनसक्छ।मानिसहरुलाई अहिले कै तत्कालिन अवस्थामा स्वर्गमा लानु होला भन्ने यसको अर्कै अर्थ हुनुपर्छ।यसको अलवा,मुक्तिको साधारण बुझाई चाँ ही कोही पनि पहिला सत्यको ज्ञानमा आएपछी नै हो।तर,यहाँ सन्दर्भ ठ्याक्कै उल्टो छ।किन?पर्मेश्वरको इच्छा चाँ ही पहिले सबै मानिस bcwanu हो।यसको अर्थ के हो त?यसले सबै मानिसहरुको बर्तमान अवस्था अर्थात मृत्युको दण्डको अवस्थालाई दर्शाउदछ।अनि,छुटकाराद्वारा नै सबै मानिसहरु बचाइने छन जसै हामी प्रेरित २४:१५ मा पढ्न पाउछौ।

*'अनि मरेकाहरुको,दुबै धर्मिहरु र अधर्मिहरुको बौरीउठाइ हुनेछ भनी म परमेश्वोरमा आशा राख्छु, जुन कुरा यिनीहरु आँफैले पनि स्विकार गर्दछन। "*


हो, यो सबै मृतकहरुको पुनरुत्थानको महान सत्य हो। पुनरुत्थान भन्नाले के हो त?यो बाइबलमा सिकाइएको सिद्दान्त वा शिक्षा हो जुन अरु धर्महरु यसको बिषयमा पूर्ण अन्जान छन।जब अरु धर्महरु जस्तै हिन्दू र बुद्धिष्टहरु पुनरुत्थानलाई मृत्युपश्चात फेरी गर्भधारण गरी पुनर्जन्म लिइ अर्को जिबनको मौकालाई मानि लिन्छन र मुस्लिम अनि खृष्टियानहरुले मृत्युपश्चात आत्मिक अवस्थाको जिबनमा स्वर्गमा जिउने हो भन्ने मानि लिन्छन।



तर, बाइबलमा पुनरुत्थानको शिक्षा बेग्लै छ।बाइबलले पुनरुत्थानको बिषयमा पर्मेश्वरको दिब्य शक्तिलाई कृयामा ल्याइ सबै मरेकाहरु र अस्तित्वबिहिन भएकाहरुलाई-फेरी जिबित अवस्थामा पुनर्स्थापित गर्ने अलौकिक शक्ति नै पुनरुत्थान हो भनि बोल्दछ।पर्मेश्वरको शक्तिले मृतकहरुलाई मर्ने बेलाको शारिरिक र मानसिक अवस्थामा नै पुनर्स्थापित गर्नु हुनेछ।यो साच्चै नै अबिश्वसनिय आश्चर्यकर्म हो।



वृद्ध मानिसहरु उनिहरु मर्दा खेरीको वृद्ध अवस्था र उमेरमा नै जिबित उठाइने छन भने जवान मानिसहरु पनि त्यही अवस्था र उमेरमा नै स्थापित गराइने छन।।





यदि कोही नाबालकमा नै बितेका छन् भने त्यही अवस्थामा नै फेरी जिबित उठाइने छन्।





'पुनरुत्थान' भन्ने शब्द ग्रीक शब्द 'अनासटासिस' (Strong's ग्रीक - # ३८६ ) बाट उद्द्दत गरिएको हो जस्को अर्थ 'फेरी जिबनमा उठाइनु' वा 'फेरीउठ्नु' हो।तसर्थ,साचो अर्थमा पुनरुत्थानले सबै मृतकलाई जिबित पार्ने महान् र आश्चर्यमय कृयालाई मात्र बुझाउदैन तर सबैलाई आदमले पहिला गुमाएको सिद्द अवस्थामा पुनर्स्थापित गर्नु पनि हो।हो, पुनरुत्थान एउटा प्रकृया हो जुन मृतक अवस्थाबाट जगाउने कृयाबाट शुरु हुँदछ।

साच्चै,यो सबैको लागी अपत्यारिलो र उदेक लाग्दो बिषय हो।यसले मृतक अवस्थाबाट ब्युत्याउने त्यो महान दिनको बारेमा बोल्दछ।जसरि आजको समयमा आदममा सबै मर्दछन।त्यो बेलामा ख्रीष्टमा सबै बचाइने बचन पुरा हुँदछ।

अनि, सबै जना मृतक अवस्थाबाट उठाइने छन जुन कुरा येशू आफैले पनि युहुन्ना ५:२८ मा प्रष्टै सिकाउनु भएको छ।

*"यस कुरामा अचम्म नमान;किनभने त्यो घडी आइरहेको छ,जसमा चिहान भित्र रहेकाहरुले उसको स्वोर सुन्नेछन।"*

यो,नयाँ करारमा मात्र सिकाइएको सिद्दान्त होईन।हामीले यसलाई पुरानो करारमा पनि पढ्न पाउछौ जसै हामी यशैया २६:१९ लाई पढ्छौ।हो,यो यती प्रष्ट छ।मरेकाहरु धुलोबाट बिउँतनेछन।यो बिषयलाई हामी फेरी दानियल १२:२ मा पनि पढ्न पाउछौ।

*"अनि पृथ्वीको धुलोमा सुत्नेहरुमध्य धेरैजाना-कतिचाँहि शर्म रअनन्त घृणाका निम्ती बिउँझीनेछन।"*

हो,यो कती प्रष्ट छ।तसर्थ,पर्मेश्वरले सबै मानिसहरु लाई मृत्युबाट बचाउनु हुनेछ,सबै मृतकहरुको पुनरुत्थानद्वारा।अनि पर्मेश्वरको इच्छामा दोश्रो चरणमा के होला त?यसको बारे हामीले १ तिमोथि २:४ मा पढ्न पाउछौ।

*"उहाँ सबै मानिसहरुले मुक्ती पाउन्, र सत्यताको ज्ञानमा आउन् भन्ने इच्छा गर्नुहुन्छ।"*

यो पर्मेश्वरको मुक्तिको प्रकृयाको दोश्रो चरण हो।मानबजाती,जो पापमा मरेका हुन्छन,तिनिहरु बिउत्याइने छन,त्यही अवस्थामा नै जिबित पारिनेछन अनि तत्पश्चात पापबाट छुटकारा दिइने छ।यो कसरी सम्भवछ त ? यसको उत्तर हामी युहुन्ना १७:१७ मा पढ्न पाउछौ।

*" तपाईंको सत्यताद्वारा तिनिहरुलाई पवित्र पार्नुहोस्:तपाइको बचन सत्य हो।"*

हो,तसर्थ, पापमय अवस्था र चरित्रबाट सत्यद्वारा पबित्र र शुद्द पारिन्छ।पर्मेश्वरको बचनको ज्ञान र त्यसको सत्यता अनि बचनमा लेखिएको सत्यताको आज्ञा पालनद्वारा पापको मार्गबाट पखाल्ने काम गर्दछ।पापको कामको उदाहरणहरु:खराब बोली,स्वार्थपना,चोरीडकैती,झुट आदी।तर,सबै मृतकहरु जो सत्यताको ज्ञान द्वारा ब्युत्याइनेछन्,तिनिहरुले पुरै संसार ढाक्नेछन।यो कसरी पुरा गरिन्छ त ?यसको उत्तर हामी हबकुक २:१४ मा पढ्न पाउछौ।

*"किनभने जसरी पानीले समुन्द्रलाई ढाकेको हुन्छ,त्यसरीनै पृथ्वी परमप्रभुको महिमाको ज्ञानले भरपुर हुनेछ।"*



हो, सारा पृथ्वी पर्मेश्वरको बचन (बाइबल) को ज्ञानले भरिने छ।यस सन्दर्भलाई फेरी यशैया ११:९ मा पक्का गरिएको छ।

*"मेरो सम्पूर्ण पवित्र पर्वतमा तिनिहरुले न हानी गर्नेछन्,न नाश गर्नेछन्;किनकी जसरी पानीले समुन्द्रलाई ढाकेकोहुन्छ,त्यसरीनै पृथ्वी परमप्रभुको ज्ञानले भरिपूर्ण हुनेछ।"*

यो कसरी हुन्छ होला त,तपाई सोध्न सक्नुहुन्छ?यसको माध्यमहरु आज हाम्रै आँखाको अगाडी छन।के तपाई देखुहुन्छ?आज,सुचना र ज्ञान हरेक घरसम्म रेडियो,टेलिभिजन,इन्टेरनेट,क्यासेटहरु आदीद्वारा उच्च गतिमा संचार भएको छ।किताबहरु श्रब्यदृश्य दस्ताबेजहरुले प्रतिस्थापन गरिरहेको छ।यि सबै कुराहरुले हामी त्यो आशिषमय समयको कति नजिक पुगिरहेको छौ भन्ने तथ्य देखाउदछ।साच्चै नै यो पद यस बिशाल र बिबिध संसारमा कसरी पुरा हुदछ भन्ने बुझाइलाई हाम्रै अगाडी दिनानुदिन झन झन प्रष्ट हुँदैछ।यो कुनै बिहानी उठेर घर बाहिर आउँदा बाहिर क्यामेराहरु,बत्तीहरु,जेनेरेटर,भ्यानहरु, कुर्सीहरु आदी भए पनि कुनै मान्छेहरु नभएको अवस्था जस्तै हो।कसैले पनि यो अवस्थालाई देखे पछी के सोच्न सक्छ?हो,त्यहाँ छिट्टै नै चलचित्र छायाकंन हुँदैछ भन्ने बुझिन्छ।ति उपकरणहरुको दृश्यले जो कोहीलाई पनि अन्दाज र निर्णयमा पुर्याउदछ।

->आज यही परिस्थिती नै छ,जे हामी देख्न सक्छौ कि कसरी यि सबै बृहत प्रबिधीहरुले सुचनाहरुलाई दुरदरारसम्म कम समयमै सचांर गरिरहेको छ।हो, त्यो समय नजिक छ,जतीबेला,'पुरा पृथ्वी नै पर्मेश्वरको ज्ञानले भरीपुर्ण हुनेछ,समुन्द्रलाई पानीले ढाके झै।"अनी त्यो महिमित समयको बारेमा यर्मिया ३१:३४ मा लेखिएको छ।

*"अनि तिनिहरुले हरेकले आफ्नो छिमेकिलाई र हरेकले आफ्नो भाईलाई 'परमप्रभुलाई चिन!'भन्दै फेरी सिकाउनेछैनन्;किनकी तिनिहरुमा सबैभन्दा सानादेखी लिएर तिनिहरुमा सबैभन्दा ठुलासम्म सबैले मलाई चिन्नेछन्,परमप्रभु भन्नुहुन्छ;किनकी म तिनिहरुको अधर्म क्षमा गर्नेछु,र तिनिहरुको पाप म फेरी कहिलै सम्झिनेछैन। "*

हो, तसर्थ, सबैजना सत्यताको ज्ञानमा आउनेछन र पापबाट शुद्दीकरण हुने मौका पाउने छन।तर, कसैले सोध्नसक्ला,"मरेका र बाँचेकाहरु दुबैको निम्ती ठाउँ कहाँ छ त? यो,वास्तवमै राम्रो प्रश्न हो।आऔ, हामी अदनको बगैँचामा पर्मेश्वरले दिनुभएको आज्ञालाई हेरौ जसै हामी उत्पत्ती १:२८ लाई पढौ।

*"अनि परमेश्वरले तिनिहरुलाई आशिष दिनुभयो; र परमेश्वरले तिनिहरुलाई भन्नुभयो: फल्दै फुल्दै र वृद्धि हुँदै जाओ!अनी पृथ्वीलाई भरिदेओ र त्यसलाई बशमा पार! अनि समुन्द्रका माछामाथी,आकाशका पंक्षिमाथि,र पृथ्वीमा चलखेल गर्ने हरेक जिवित प्राणीमाथी अधिकार राख।"*

पर्मेश्वरको आज्ञा प्रष्ट नै छ कि पृथ्वीलाई भर्नु हो नता यसलाई ज्यादा गरी भरीभराउ गर्नु हो। जसरि,चलचित्रघरमा टिकट बेच्नेलाई टिकट बेच्न कती खेर बन्द गरेर,हाउसफुलको बोर्ड राख्ने भन्नेकुरा थाहा हुन्छ भने के सर्वशक्तिमान पर्मेश्वरलाई कतिखेर प्रजननको प्रकृयालाई बन्द गरेर पृथ्वीले थाम्नसक्ने भन्दा बढ्ता भरीभराउ हुन नदिन हेक्का नराख्नु होला र?जसरी,पेट्रोल स्टेशनमा पेट्रोल भर्नेलाई साधनमा पेट्रोल भर्न आज्ञा दिन्छ,के उसले त्यस साधनको ट्यांकीले थाम्न सक्ने भन्दा ज्यादा भर्दछ र?यदी कमजोर र असिद्ध मानिसको हकमा यस्तो छ भन्ने के पबित्र र सर्बशक्तिमान पर्मेश्वरको निम्ती झन कति जानकारी छ होला?यसको अलावा,जब कसैले आदमको सन्तानको बर्तमान जनसंख्याको अवस्थालाई हेर्दैछौ भने बिश्वको तत्कालिन जनसन्ख्या ६ बिलियन (६,०००,०००,०००) छ।

-> सन् १८४० मा बिश्वको जनसंख्या १ बिलियन थियो।यो भन्दा पहिला मानिसजातीको जनसंख्या कहिल्यैपनि यो तथ्याँङ्कलाई नाघ्न सकेन तर झन घट्दो क्रममा थियो।

समग्र आदमको सन्तान र दरसन्तानको कुल अनुमानित जनसन्ख्या २५-३० बिलियन छ भन्न सकिन्छ।यदी कसैले गणितिय हिसाबमा यो जनसंख्यालाई दोब्बर हुँदा पनि भारत देशकै क्षेत्रफलमा भाग लगाउने हो भने भारतको क्षेत्रफल नै त्यो दोब्बर जनसंख्या सबैको लागि उपयुक्त ठाउ हुने तथ्य निकाल्न सक्छौ।



->भारतको क्षेत्रफल- लगभग २४,००,००० बर्ग कि. मि. छ।

१ बर्ग कि.मि. = १०,००,००० बर्ग मिटर (१०००x १०००)
१ बर्ग मि = ९ बर्ग फिट वा ३x३ इन्च
->भारतको क्षेत्रफल बर्ग मि. मा = २४,००,००० x १०,००,००० = २,४००,०००,०००,००० बर्ग मि. वा २.४ ट्रिलियन बर्ग मि.
अनि, प्रत्येकले कति जग्गा पाउदछ त ?आउनुहोस, बिभाजन गरी हिसाब गरौ।
२,४००,०००,०००,०००/ ६०,०००,०००,००० = ४० बर्ग मि. प्रति ब्यक्ती वा प्रति ब्यक्ती ८ मि. (२४फिट) x५मि. (१५ फिट)

साच्चै,पुरै जनसंन्ख्यालाई अटाउने पुरै बिशाल संसार छ र पर्मेश्वरले पक्कै पनि हिमालहरु,मैदानहरु,तालहरु,जङ्गलहरु आदी सबैलाई अट्ने ठाउँको बारेमा पनि योजना बनाउनुभएको छ ताकी पृथ्वीको सुन्दरता कायमै रहोस।साच्चै नै,मानबजातीको सबै मृतकहरु जिबनमा ब्युत्याइन सम्भब छ र यसलाई पर्मेश्वरले अति सुन्दर र सिद्द प्रकारले योजना बनाउनु भएको छ।अब,हामी,सामान्यतया र धेरैले गलत बुझेको पदलाई हेर्नेछौ।




युहुन्ना ५:२९ *" अनि भलो गर्नेहरु जीवनको बौरिउठाइका निम्ती र दुष्टकाम गर्नेहरुचाहि दण्डको बौरिउठाइको निम्ती निस्किआउनेछन।"*

के, पुनरुत्थान वा मृतक संसारबाट बिउँतनेहरु जसले दुष्ट्याई मात्र गरे,के उनीहरु दण्डाज्ञाको लागी मात्र बौरी उठाइने छन त?के यो कुकर्म गर्नेहरुको संसारको लागी येशूको मृत्युले कुनै आशा पाउदैनन त?के यो सत्य हो त?आउनुहोस, युहुन्ना ३:१७ लाई पढौ।

*"किनभने संसारलाई दोषी ठहर्याउनका निम्ती होइन,तर उहाँद्वारा संसारले मुक्ती पाओस् भनेर नै परमेश्वरले आफ्न पुत्र लाई संसारमा पठाउनुभयो।"*

हेर्नुहोस त?हो, संसार पहिल्यै देखी नै मृत्युको दण्डाज्ञाको मुनी छ र पर्मेश्वरले उहाँको पुत्रलाई त्यो दण्डाज्ञा पाइसकेको संसारलाई झन दोषी ठहराउन भनी पठाउनु भएको होईन।



मृत्युको दण्डाज्ञा चाँही मृत्युसँग सम्बन्धित सबै सतावट र दुख पिडालाई पनि समेट्दछ।अनि,यो बुँदालाई हेरेपछी हामी फेरी युहुन्ना ५:२९ मा फर्किऔ।अनि,दोषी (KJV/NIV) भन्ने शब्द ग्रीक शब्द KRISIS भन्ने शब्दबाट उदधृत गरिएको हो जसको अंग्रेजी शब्द 'CRISIS' को अर्थ दिन्छ,जुन शब्दको वृस्तित अर्थ 'न्यायको समय' वा 'आपतकालिन अवस्था ' हो।

उदाहरण:अस्पतालको आइ.सि.यु. मा कोही जटिल अवस्थाको बिरामी आपतकालिन अवस्थामा पस्यो भनेर तब नै भनिन्छ जब उ जिबन र मृत्युको संघारमा पुग्दछ।तसर्थ,त्यसरी नै मानबजातीको संसारजस्तै कुकर्ममात्र गरे,उनीहरु आपतबिपतको लागी अथवा न्यायको लागी पुनरुत्थान हुनेछन।हो ,त्यो बिश्वको लागि न्यायको दिन हुनेछ।अनि,हामी न्यायको दिनको बिषयमा के पढ्छौ त?आउनुहोस, प्रेरित १७:३१ लाई पढौ।

*"किनभने उहाँले एउटा दिन ठहर्याउनुभएको छ,जुन दिनमा उहाँ आफुले नियुक्त गर्नुभएको मानिसद्वारा धर्मिकतापुर्बक संसारको न्याय गर्नुहुनेछ; उहाँलाई मरेकाहरुबाट बौराएर उठाइकन उहाँले सबै मानिसहरुलाई यस कुराको प्रमाण दिनुभएको छ।"*



हो।न्यायको लागी दिन तोकिएको छ र न्याय गर्न न्यायकर्ता पनि तोकिएको छ,जो प्रभु येशू ख्रीष्ट हुनुहुन्छ, जसले संसारका सबै मानबजातीको छुटकाराको निम्ती स्वइच्छाले आफ्नो जिवन नै बलिदान दिनुभयो।के यो न्यायको दिन २४ घण्टा समय भएको अबधि हो त? आउनुहोस,यसको उत्तर हामी २ पत्रुस ३:८ बाट हेरौ।

*" तर प्रीयहरु हो,यस कुराको बिषयमा अजान नरहो; प्रभुका निम्ती एक दिन हजार बर्ष जस्तो, र हजार बर्ष एक दिन जस्तो हो।"*

हो, प्रभु येशूको निम्ती १ दिन २४ घण्टाको समय होईन तर हजार बर्षको समय हो।तसर्थ,न्यायको दिन = १००० बर्ष हामीले यस बिषयलाई आउदो कक्षाहरमा वृस्तित रूपमा अध्ययन गर्ने छौ।कसैले सोध्न

सक्लान–न्यायको दिन कस्तो होला त?आऔ केही पदहरुलाई हेरौ अनि पढौ।दानियल १२:२ बाट शुरु गरौ।

*"अनी पृथ्वीको धुलोमा सुत्नेहरुमध्य धेरैजाना-कतिचाँहि शर्म र अनन्त घृणाका निम्ती बिउँझीनेछन।"*

यो के हो त?सर्बप्रथम त,यस पदमा अनन्त भन्ने शब्द नै गलत प्रकारले अनुबाद गरिएको छ।यसको ग्रीक शब्द 'OLAM' हो जसको अर्थ 'युगसम्म' हो जेले केही समयको अबधि अथवा कालखण्डलाई दर्शाउदछ ना कि सदाकाल।तिरस्कारले सबै मानिसले गरेका ति सबै काण्ड,भ्रष्टाचार,कुकर्म आदीलाई चित्रण गर्दछ जुन पछी सबै छर्लङ्ग र उदाङो हुनेछ।यसलाई हामी लुका १२:२,३ र उपदेशक १२:१४ मा प्रष्टै पढ्न पाउछौ।

*" किनभने कुनैकुरा छोपिएको छैन,जो उघारिनेछैन;न ता लुकेको छ, जो थाहा पाइनेछैन। ३ यसकारण जे कुरा तिमीहरुले अंध्यारोमा बोलेका छौ, त्यो उज्यालोमा सुनिनेछ,;र जे कुरा तिमीहरुले भित्रिकोठाहरुमा कानमा भनेका छौ, त्यो छानाहरुमा प्रचारिने छ।"*

*१४ "किनकी परमेश्वरले हरेक काम र हरेक गुप्त कुराको न्याय गर्नुहुनेछ, चाहे त्यो असल होस्,चाहे खराब।"*

वास्तवमै,यो कस्तो न्यायको दिन हुनेछ।कल्पना गर्नुहोस त,व्यक्ति व्यक्तिबिच,परिवार बिच र राष्ट्रहरु बिच गरिएका कुकर्म र भ्रष्टाचारका रहस्यहरु।अब,हामी येशुको छुटकाराको कामको अर्को चित्रलाई हेरौ जसै हामी गलाती ४:४ मा पढ्न पाउछौ।

*"तर जब समय पुराभयो,तब परमेश्वरले आफ्न पुत्रलाई पठाउनुभयो,जो स्त्रिद्वारा जन्मनुभयो, ब्यबस्थाको अधिनमा जन्मिनुभयो।*

हो,येशू यहुदी वंशमा र ब्यबस्थाको अधिनमा जन्मनुभयो।यथार्थमा,येशूमात्र त्यस्तो एक्लो व्यक्ति हुनुहुन्छ जसले ब्यवस्थाहरुलाई उत्कृष्ट र सिद्ध ढङमा पालन गर्नुभयो,त्यसैले उहाँले त्यसको उचित पुरस्कार पाउनुभयो।ब्यबस्थाले दिने पुरस्कारको सम्बन्धमा हामीले लेबी १८:५ र गलाती ३:१३ मा पढ्न पाउछौ।

*"यसकारण  तिमीहरुले मेरा बिधिहरु र मेरा नियमहरु पालन गर्नु! जुन मानिसले ति पालन गर्दछ, त्यो ति द्वारा नै जिउँदछ,;म नै परमप्रभु हुँ। "*

*१३" हाम्रा निम्ती श्राप बनेर ख्रीष्टले हामीलाई ब्यबस्थाको श्रापबाट दाम तिरी छुटकारा दिनुभएको छ; किनकी लेखिएकोछ: हरेक जो रुखमा झुन्डिन्छ, त्यो श्रापित हो।"*

हो, येशूले अनन्तको मानब जिबनको अधिकारहरु आर्जन/प्राप्त गर्नुभयो।अनि त्यसपछी उहाँले के गर्नुभयो त?यसको उत्तर हामी युहुन्ना  ६:५१ मा पढ्न पाउछौ।

*"त्यो जिउँदो रोटी म नै हुँ, जो स्वर्गबाट ओर्लिआयो;कसैले यस रोटीबाट खायो भने उ सधैंभरी जिउँनेछ; अनी त्यो रोटीचाही, जो म दिनेछु, मेरो मासु हो, जुन मासु म संसारको जीबनको निम्ती दिनेछ।"*



हो,उहाँले मानब जिबन वा शारिरिकअधिकारहरु संसारका निमित्त तिलान्जली दिनुभयो।तसर्थ,यही येशूले दिनुभएको छुटकाराको मोललाई हामीले १ तिमोथी २:५,६ मा बर्णन गरिएको पढ्न पाउछौ।

*"किनभने परमेश्वर एकैजना मात्र हुनुहुन्छ, अनि परमेश्वर र मानिसहरूको बिचमा एकैजना मध्यस्थ हुनुहुन्छ अर्थात येशूख्रीष्ट-ति मानीस, ६ जसले आँफैलाई सबैका लागि छुटकाराको दामको रुपमा दिइहाल्नुभयो, जसको गवाही ठीक समयमा दिइयो।"*

हो, येशूले कदापी जिबनको अधिकारहरु स्वर्गिय/आत्मिक प्राणीको रूपमा त्याग गर्नुभएन तर मानिसको स्वरूपमा-मानिस,ख्रीष्ट येशू।यो लण्डन र न्युयोर्कमा दुईवटा घरहरुको धनी/मालिक भएको जस्तो हो।यदी,कुनै एउटा घर बिक्यो वा दिइयो भने त्यो फेरी फिर्ता लिन सकिदैन।यसरी नै, येशू ख्रीष्टसँग भयो।उहाँसँग दुबै स्वर्गिय जिबनका अधिकारहरु र मानबिय (साांसारिक) अधिकारहरु थियो।अनि,उहाँले आफ्नो साांसारिक जिबनको अधिकारहरुलाई बलिदान दिनुभयो ताकी त्यो फेरी अपनाउन/लिन होईन।

अनि, प्रभु येशू अब उप्रान्त मानब प्राणी हुनुहुन्न तर आत्मिक/स्वर्गिय प्राणी हुनुहुन्छ।जसै प्रेरित पत्रुसले प्रष्टै १ पत्रुस ३:१८ मा बर्णन गरेको हामी पढ्न पाउछौ।

*" किनकी हामीलाई परमेश्वरकहा पुर्याउने उदेश्यले ख्रीष्टले पनि -यी धर्मिजनले पापको सम्बन्धमा अधर्मीहरुका निम्ती एकपल्ट दु:ख भोग्नुभयो, र शरीरमा उहाँ मारिनुभयो,तर आत्माद्वारा उहाँ जीवित पारीनुभयो।"*

हो,प्रभु येशू अहिले आत्मिक प्राणी हुनुहुन्छ जसले आदमको बदलामा आफ्नो सिद्द मानब जिबन र अधिकारहरु मोल स्वरूप त्याग गर्नुभयो। (२ कोरिन्थी ५:१६) तसर्थ, प्रभुले आफैले संसारले उप्रान्त उहालाई कदापी देख्नेछैन भनेर पक्का गर्नुहुन्छ किनकी उहा शरिरमा हुनुहुन्न।यस तथ्यलाई हामी प्रष्टै युहन्ना १४:१९ मा पढ्न पाउछौ।

*"अझै केही समय छ, अनी संसारले मलाई फेरी देख्दैन, तर तिमीहरुले मलाई देख्छौ। म जिउँछु यसकारण तिमीहरु पनि जिउँछौ। "*

हेर्नुहोस् त, के यहाँ प्रष्ट लेखिएको छैन त?अन्त्यमा हामीले हाम्रो प्रभु येशू ख्रीष्ट र उहाँको छुटकाराको कामको सम्बन्धमा अर्को एउटा पक्षलाई हेर्नेछौ जसै हामी यशैया ५३:१० मा पढ्छौ।

*'तरै पनि उसलाई चोटैचोट पार्नु परमप्रभुलाई इच्छा लाग्यो; उहाँले उसलाई कष्टमा पार्नुभयो; जब उहाँले उसको प्राणलाई पापवली तुल्याउनुहुन्छ,तब उसले आफ्नो बंश देख्नेछ,उसले आफ्न दिनहरु बढाउँनेछ ,र उसको हातमा परमप्रभुको शुभेच्छा सफल हुनेछ।''*

यसको अर्थ के हो त?यसले येशूका सन्तानहरुलाई दर्शाउदछ।हो,येशूले बिबाह गर्न सक्नुहुन्थ्यो।बिबाह गर्नु पाप वा गलत कार्य होईन जसै हामी हिब्रु १३:४ मा पढ्न पाउछौ।

*''विवाह सबैको बिचमा आदरको योग्यहोस् र ओछ्यान निष्कलंक रहोस्; तर ब्याभिचारीहरु र परस्त्रीगामिहरुलाई परमेश्वर्ले न्याय गर्नुहुनेछ। "*

प्राचिन काल्पनिक उपन्यासमा येशूले मरीयम मग्दलिनी बिबाह गर्नुभएको थियो भनेर ब्याख्या गरिएको छ जुन किताब प्रचुर मात्रामा छापिएको थियो।यस किताबको नाम 'डाभिन्सीकोड' हो।के यो सत्य हो? हो,येशूले बिबाह गर्न सक्नुहुन्थ्यो।यो कुनै गलत कृया हुन्थेन।तर,यहाँ एक महत्वपूर्ण बिषयलाई विचार गर्नुपर्ने हुन्छ।यदि उहाँले बिबाह गर्नुभएको भए,उहाँले नै सिद्द मानबजातीहरु उत्पन्न गर्न शुरु गर्नुहुन्थ्यो।कुनै पनि डाक्टरलाई सोध्नुहोस कि जिबन र व्यबहार।प्रकृति बुवाबाट सर्दछ,आमाबाट सर्दैन।तर,उहाँले आफै ति सिद्द मानबजातीहरु उत्पन्न गर्नु भन्दा पनि आदमका दर सन्तानहरुलाई नै आफ्नो सन्तान बनाउन चुन्नुभयो ताकी पुनरुत्थानको समयमा उहाँ अनन्तका पिता हुनुहुनेछ (यशैया ९:६)।तसर्थ,हामी यशैया ५३:१० मा पढ्न पाउछौ कि,

*''तरै पनि उसलाई चोटैचोट पार्नु परमप्रभुलाई इच्छा लाग्यो; उहाँले उसलाई कष्ट मा पार्नुभयो;जब उहाँले उसको प्राणलाई पापवली तुल्याउनुहुन्छ,तब उसले आफ्नो बंश देख्नेछ,उसले आफ्ना दिनहरु बढाउनेछ,र उसको हातमा परमप्रभुको शुभेच्छा सफल हुनेछ।''*

साच्चै नै, कस्तो उदेकको मुक्तिदाता।अनि,चाँडै नै पुरै पृथ्वी पनि उहाँको महिमाले भरिपूर्ण हुनेछ जसै हामी फिलिप्पी २:१०, ११ मा पढ्छौ।

*"यस हेतुले कि स्वर्गमा, पृथ्वी माथि र पृथ्वी मुनी हुनेहरुको हरेक घुँडा येशूको नाउँमा टेकिनुपर्छ; ११ र पिता परमेश्वरको महिमाका लागि हरेक जिब्रोले "''येशू ख्रीष्ट नै प्रभुहुनुहुन्छ" भनी स्विकार गर्नुपर्छ।''*

हो, केहि समयको अन्तरालमा नै जब सबै मृतकहरु बौरीउठाई जिबित तुल्याइनेछन र ति सबैलाई यो सत्यता बताइनेछ,तब सबैले प्रभुलाई उहाँको प्रेम र बलिदानको निम्ती उहाँको पबित्र नाउँको आराधना गर्नेछन।



"आमेन"